# नेपाल नागरिक उड्डयन प्राधिकरण

# खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति सम्वन्धी सूचना

(प्रकाशित मिति २०७६/०४/१७)

नेपाल नागरिक उड्डयन प्राधिकरण र अन्तर्गतका कार्यालयहरुमा आर्थिक वर्ष २०७५/७६ को अन्तिम दिनसम्म रिक्त रहेका निम्न पदहरुमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार देहायको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०७६/४/१९ गते देखि २१ (एक्काइस) दिन भित्र प्राधिकरणको Website: www.caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| सि नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | उप समूह | पदपूर्ति गर्नुपर्ने संख्या | खुला तथा समावेशी | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६०/०७६/७७ | प्रवन्धक | ९ | प्र. | आर्थिक प्रशासन | सि.ए. | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट चार्टर्ड एकाउन्टेन्ट वा सो सरहको डिग्री प्राप्त गरेको। |
| | | | | | | | | महिला | १ | |
| २ | ६१/०७६/७७ | प्रवन्धक | ९ | प्रा. | एयरवर्दिनेश | | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित स्नातकोत्तर तह उत्तीर्ण गरी एयरक्राफ्ट मेन्टिनेन्स लाइसेन्स प्राप्त गरेको वा मेकानिकल/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/एयरवर्दिनेश/एरोनटिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर उत्तीर्ण गरी वायुयान मर्मत सम्भार वा कन्टिन्यूइङ्ग एयरवर्दिनेन्समा कम्तिमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको वा मेकानिकल/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/एयरवर्दिनेश/एरोनटिकल इन्जिनियरिङ्गमा स्नातक गरी वायुयान मर्मत सम्भार वा कन्टिन्यूइङ्ग एयरवर्दिनेन्समा कम्तिमा सात वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| | | | | | | | | महिला | १ | |
| ३ | ६२/०७६/७७ | उपप्रवन्धक | ८ | प्रा. | एयर ट्राफिक सर्भिसेस | | ७ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थावाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र प्राधिकरणवाट मान्यता प्राप्त संस्थावाट एकैचरण वा अर्को चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयरट्राफिक सर्भिसेज तालीम प्राप्त गरेको। |
| | | | | | | | | महिला | २ | |
| | | | | | | | | आ.ज. | १ | |
| | | | | | | | | मधेसी | १ | |
| | | | | | | | | दलित | १ | |
| ४ | ६३/०७६/७७ | उपप्रवन्धक | ८ | प्रा. | सिभिल इन्जिनियरिङ्ग | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको। |
| ५ | ६४/०७६/७७ | उपप्रवन्धक | ८ | प्रा. | मेकानिकल इन्जिनियरिङ्ग | | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |
| | | | | | | | | महिला | १ | |
| ६ | ६५/०७६/७७ | उपप्रवन्धक | ८ | प्रा. | इ.एण्ड टे.कम इन्जिनियरिङ्ग | | २ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रोनिक्स वा इलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको। |
| | | | | | | | | मधेशी | १ | |
| ७ | ६६/०७६/७७ | उपप्रवन्धक | ८ | प्रा. | सूचना प्रविधि | | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट सूचना प्रविधि (आई.टि) वा एम.आई.एस. विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको। |
| ८ | ६७/०७६/७७ | वरिष्ठ अधिकृत | ७ | प्रा. | एयरवर्दिनेश | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित स्नातक तह उत्तीर्ण गरी एयरक्राफ्ट मेन्टिनेन्स लाइसेन्स प्राप्त गरेको वा मेकानिकल/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/एयरवर्दिनेश/एरोनटिकल इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण गरी वायुयान मर्मत सम्भार वा कन्टिन्यूइङ्ग एयरवर्दिनेन्समा कम्तिमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| ९ | ६८/०७६/७७ | वरिष्ठ अधिकृत | ७ | प्रा. | एयर ट्राफिक सर्भिसेस | | ३८ | खुला | ९ | मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान वा सूचना प्रविधि (आई.टि) वा व्यवस्थापन वा इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र प्राधिकरणवाट मान्यता प्राप्त संस्थावाट कम्तिमा ६ महिना अवधिको आधारभूत एयरट्राफिक सर्भिसेज तालीम प्राप्त गरेको। |
| | | | | | | | | महिला | १० | |
| | | | | | | | | आ.ज. | ८ | |
| | | | | | | | | मधेशी | ७ | |
| | | | | | | | | दलित | ३ | |
| | | | | | | | | पि.क्षे. | १ | |
| १० | ६९/०७६/७७ | वरिष्ठ अधिकृत | ७ | प्रा. | एभिएशन फायर सर्भिसेस | | १ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र नागरिक उड्डयनसंग सम्वन्धित संस्थावाट जीवनोद्धार तथा विमानस्थल अग्नि निवारण सम्वन्धी आधारभूत तालीम प्राप्त र कम्तिमा एक महिनाको सम्वन्धित विषयको थप तालीम प्राप्त गरेको। |
| ११ | ७०/०७६/७७ | वरिष्ठ अधिकृत | ७ | प्रा. | फ्लाइट अपरेशन सर्भिसेस | | २ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित दश जोड दुई उत्तीर्ण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्थाका सदस्य राष्ट्रवाट कमर्शियल पाइलट लाइसेन्स (सि.पि.एल.) प्राप्त गरेको र कम्तिमा पाँचसय घण्टाको उडान अनुभव हासिल गरेको। |
| | | | | | | | | महिला | १ | |
| १२ | ७१/०७६/७७ | वरिष्ठ अधिकृत | ७ | प्रा. | सूचना प्रविधि | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट सूचना प्रविधि (आई.टि) वा एम.आई.एस. विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | ७२/०७६/७७ | अधिकृत | ६ | प्र. | प्रशासन | प्रशासन | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १४ | ७३/०७६/७७ | अधिकृत | ६ | प्र. | आर्थिक प्रशासन | लेखा | ३ | खुला<br>महिला | २<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट वाणिज्य शास्त्र, अर्थ शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १५ | ७४/०७६/७७ | अधिकृत | ६ | प्र. | आर्थिक प्रशासन | राजस्व | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट वाणिज्य शास्त्र, अर्थ शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| १६ | ७५/०७६/७७ | वरिष्ठ सहायक | ५ | प्र. | आर्थिक प्रशासन | लेखा | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट वाणिज्य शास्त्र, अर्थ शास्त्र वा व्यापार प्रशासनमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| १७ | ७६/०७६/७७ | वरिष्ठ सहायक | ५ | प्रा. | एभिएशन फायर सर्भिसेस | | १७ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित | ८<br>४<br>२<br>२<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नागरिक उड्डयनसंग सम्बन्धित संस्थावाट जीवनोद्धार तथा विमानस्थल अग्नि निवारण सम्वन्धी आधारभूत तालीम प्राप्त गरेको । |
| १८ | ७७/०७६/७७ | वरिष्ठ सहायक | ५ | प्रा. | सिभिल इन्जिनियरिङ्ग | | ७ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी | ४<br>१<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदवाट मान्यता प्राप्त संस्थावाट सम्वन्धित विषयमा सीपको तह ३ को प्रमाणपत्र प्राप्त गरेको । |
| १९ | ७८/०७६/७७ | वरिष्ठ सहायक | ५ | प्रा. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | | ३ | खुला<br>महिला<br>आ.ज. | १<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्टिकल इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदवाट मान्यता प्राप्त संस्थावाट सम्वन्धित विषयमा सीपको तह ३ को प्रमाणपत्र प्राप्त गरेको । |
| २० | ७९/०७६/७७ | वरिष्ठ सहायक | ५ | प्रा. | मेकानिकल इन्जिनियरिङ्ग | | २ | खुला<br>आ.ज. | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदवाट मान्यता प्राप्त संस्थावाट सम्वन्धित विषयमा सीपको तह ३ को प्रमाणपत्र प्राप्त गरेको । |
| २१ | ८०/०७६/७७ | वरिष्ठ सहायक | ५ | प्रा. | इ.एण्ड टे.कम इन्जिनियरिङ्ग | | ३ | खुला<br>महिला | २<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रोनिक्स/इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदवाट मान्यता प्राप्त संस्थावाट सम्वन्धित विषयमा सीपको तह ३ को प्रमाणपत्र प्राप्त गरेको । |
| २२ | ८१/०७६/७७ | सहायक | ४ | प्र. | प्रशासन | प्रशासन | ४ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी | १<br>१<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सि. वा एस.ई.ई.मा कम्तिमा दुई जि.पि.ए. वा सो सरह उत्तीर्ण गरेको । |
| २३ | ८२/०७६/७७ | सहायक | ४ | प्र. | आर्थिक प्रशासन | लेखा | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सि. वा एस.ई.ई.मा कम्तिमा दुई जि.पि.ए. वा सो सरह उत्तीर्ण । |
| २४ | ८३/०७६/७७ | सहायक | ४ | प्रा. | एभिएशन फायर सर्भिसेस | | ३० | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित<br>अपाङ्ग<br>पि.क्षे. | १३<br>५<br>५<br>४<br>१<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सि. वा सो सरह उत्तीर्ण गरी नागरिक उड्डयनसंग सम्वन्धित संस्थावाट जीवनोद्धार तथा विमानस्थल अग्नि निवारण सम्वन्धी आधारभूत तालीम प्राप्त गरेको । |
| २५ | ८४/०७६/७७ | सहायक | ४ | प्रा. | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | | ४ | खुला<br>आ.ज.<br>मधेशी | २<br>१<br>१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदवाट मान्यता प्राप्त संस्थावाट सम्वन्धित विषयमा सीपको कम्तिमा तह २ को प्रमाणपत्र प्राप्त गरेको । |
| २६ | ८५/०७६/७७ | सहायक | ४ | प्रा. | मेकानिकल इन्जिनियरिङ्ग | | २ | खुला<br>महिला | १<br>१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदवाट मान्यता प्राप्त संस्थावाट सम्वन्धित विषयमा सीपको कम्तिमा तह २ को प्रमाणपत्र प्राप्त गरेको । |

१. दरखास्त दिने स्थान: नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाइट : www.caanepal.gov.np गई Online Application Form मार्फत भर्नुपर्नेछ ।

२. दरखास्त दस्तुर सम्वन्धी विवरण : परीक्षा दस्तुर वापत तह ९ को लागि रु.९००।-, तह ८ को लागि रु.८००।-, तह ७ को लागि रु.७००।- र तह ६ को लागि रु.६००।-, तह ५ को लागि ५००।- र तह ४ को लागि रु. ४००।- लाग्नेछ । समावेशी समूहमा दरखास्त पेश गर्ने उम्मेदवारले प्रत्येक थप समूहको लागि ५०% थप दस्तुर समेत बुझाउनु पर्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ । दरखास्त दस्तुर एन. एम. बी. बैंकको जुनसुकै शाखामा यस प्राधिकरणको खाता नं.००१०००००९३१F मा आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी जम्मा गर्ने र सोको प्रमाण Online Application Form मा संलग्न गर्नुपर्नेछ ।

३. दरखास्त दिने अन्तिम मिति : २०७६/०५/०७ गते । दरखास्तको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत सिंगल दस्तूरमा दरखास्त दिन सकिनेछ । दरखास्त दिने अन्तिम मिति पछि सात दिन सम्म दोब्बर दस्तूर तिरी दरखास्त फाराम भर्न सकिनेछ ।

४. दरखास्त दिने अन्तिम मिति २०७६/०५/०७ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद दर्ता प्रमाणपत्र, तालीम, अनुभव र सेवा अवधि मान्य हुने छैन ।

५. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परीक्षाको लागि सम्पर्क मिति : २०७६/०५/२० गते ।
६. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको लागि १८ वर्ष र अधिकृत स्तरको लागि २१ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । आठौं तह र सो भन्दा माथिको पदको हकमा ४० वर्ष ननाघेको ।
७. भविष्यमा सरकारी वा सरकारको स्वामित्व भएको संस्था वा प्राधिकरणको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ ।
८. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसूरदार नठहरिएको ।
९. अधिकृत आठौं तह वा सोभन्दा माथिका पदमा आवेदन गर्ने उम्मेदवारहरुले नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा विश्व विद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तिमा पाँच वर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुईवर्ष कम भएपनि उम्मेदवार हुन सक्नेछ ।
१०. काम गर्नु पर्ने स्थान : प्राधिकरण अर्न्तगत जुनसुकै कार्यालयहरु ।
११. आबेदन फारामसाथ नेपाली नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), तालीमको प्रमाणपत्रहरु संलग्न गर्नुपर्नेछ । प्राविधिक सेवा तर्फ इन्जिनियरिङ्ग समूहका अधिकृत स्तरका सबै पदहरुको लागि सम्वन्धित विषयमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ ।
१२. बिदेशी विश्वविद्यालय वा बोर्डवाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालय वा नेपालका अन्य विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।
१३. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :**

क. आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेश गर्नु पर्नेछ ।
ख. मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।
ग. दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।
घ. पिछडिएको क्षेत्रका हकमा सम्वन्धित जिल्लाबाट प्राप्त नागरिकताको प्रमाणपत्र र स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडिसम्मको सिफारिश ।